केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/५/०७७/७८

मितिः २०७७/०९/०१

**इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(किरण पण्डित)
का.मु. कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ

| नेपाल राष्ट्र बैंकबाट “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन व्यवस्था सम्बन्धमा | | | |
|---|---|---|---|
| **सि.नं.** | **बुँदा नं.** | **विद्यमान व्यवस्था** | **प्रस्तावित व्यवस्था** |
| १. | निर्देशन नं. २/०७७, बुँदा नं. ९ को उपबुँदा (ख) मा संशोधन । | (ख) यसरी भुक्तानी अवधि थप गरिएको किस्ताको साँवा र ब्याज रकम २०७७ चैत्र मसान्तभित्र समान किस्तामा असुल उपर गर्ने व्यवस्था गर्नु पर्नेछ । | (ख) यसरी भुक्तानी अवधि थप गरिएको किस्ताको साँवा र ब्याज रकम २०७७ चैत्र मसान्तभित्र समान किस्तामा असुल उपर गर्ने व्यवस्था गर्नु पर्नेछ ।<br>**तर, संस्थाले ऋणीको लिखित अनुरोधमा कोभिड-१९ को प्रभावको सघनता र ऋणीको कर्जा भुक्तान गर्ने क्षमताको विश्लेषण गरी भुक्तानी अवधि थप गरिएको किस्ताको साँवा र ब्याज रकम कर्जाको भुक्तानी अवधिको समाप्ती पछिको ६ महिनाभित्र समान किस्तामा असुल उपर गर्ने व्यवस्था गर्न वाधा पुऱ्याएको मानिने छैन ।** |